यस व्यास नगरपालिकाको १६७ औं बैठक आज मिति २०८०/३/५ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | अनुपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री गंगालाल सुवेदी | उपस्थित |
| का.व.अध्यक्ष व्यास २ | श्री सुरेश वाग्ले | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: २०८०/२/२२ को कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आगामी आ.व.२०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.३: आगामी आ.व.२०८०/०८१ को प्रस्तावित बजेट कार्यक्रम सम्बन्धमा ।
पस्ताव नं.४: आगामी आ.व.२०८०/०८१ को आर्थिक विधेयक संशोधन सहित पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: आ.व.२०७८/०७९ को अन्तिम लेखा परीक्षणबाट वेरुजु देखाइएकोमा सम्परीक्षण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: पुन:एकिकरण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगार कार्यक्रममा दिइने अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.७: स्वयंसेवक शिक्षक म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.८: आधारभुत तह उत्तिर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन खर्च नपुग सम्बन्धमा ।
प्रस्ताव नं.९: सहकारी संस्थाहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.१०: स्वास्थ्य सेवा केन्द्रको नाम परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.११: नारेश्वर तालको थप जग्गा प्राप्ति सम्बन्धमा
प्रस्ताव नं.१२: नगर विकास कोषसँग पहिलो किस्ता माग सम्बन्धमा ।
प्रस्ताव नं.१३: सुरक्षित नागरिक आवास कार्यविधि, २०७५ बमोजिम छनौट सम्बन्धमा ।
प्रस्ताव नं.१४: सङ्घीय सशर्त अनुदान मार्फत खाद्यन्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान तथा धान बाली प्रवर्द्धन कार्यक्रममा संचालन सम्बन्धमा ।
प्रस्ताव नं.१५: धानबाली प्रवर्द्धन कार्यक्रममा बजेट बाँकी रहन गई दोस्रो पटक प्रकाशित सूचनामा प्राप्त आवेदन छनौट गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: अनुचित लेनदेख (मिटर व्याज) सम्बन्धी जाँचबुझ आयोगको परिपत्रानुसार लिखत प्रमाणित गर्ने सम्बन्धमा।
प्रस्ताव नं.१७: वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१८: क्रमागत योजनाहरुको भुक्तानीका लागि रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.१९: विपदजन्य अत्यावश्यक कार्यमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२०: गण्डकी प्रदेश सरकारसंगको समपुरक योजनाको म्याद थप माग गर्ने सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/२/२२ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आगामी आ.व.२०८०/०८१ को लागि प्रस्तावित नीति तथा कार्यक्रम संशोधन सहित पारित गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आगामी आ.व.२०८०/०८१ को लागि प्रस्तावित बजेट कार्यक्रम संशोधन सहित पारित गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आगामी आ.व.२०८०/०८१ को लागि प्रस्तावित आर्थिक विधेयक कार्यक्रम संशोधन सहित पारित गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा गत आ.व.२०७८/०७९ को अन्तिम लेखापरीक्षण पश्चात महालेखापरीक्षकको कार्यालयले पेश गरेको प्रतिवेदनमा औंल्याइएका वेरुजुका विषयमा सम्परीक्षणका लागि पेश भएको प्रतिवेदनलाई पारित गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा पुन:एकिकरण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारबाट फर्किएका रिटर्नीहरुका लागि कार्यक्रम कार्यान्वयन समितिबाट सिफारिस भएको ३६ जना (उत्तम २ जना, मध्यम ३ जना, राम्रो १४ जना र सामान्य १७ जना) लाई दिइने अनुदान रकम श्रम तथा रोजगार

विभागबाट प्राप्त भएको बजेट र बजेट शिर्षक २३३ बाट खर्च गर्ने गरी अनुदान दिने निर्णय अनुमोदन गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि अनुसार कार्यरत ३२ जना स्वयंसेवक शिक्षकहरुको करार अवधि २०७९ चैत्र देखि २०८० असार मसान्तसम्म थप गर्ने र पारीश्रमिक स्वरुपको रकम रू.२१,५१,६००/- शिर्षक नं. १९३ बाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आधारभुत तह उत्तिर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन खर्चमा विनियोजित रकमले अपुग भएकोले रू.१,९०,८१६/- शिर्षक नं. १९५ बाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा नगरपालिका स्तरीय सबै सहकारी संस्थाहरुसँग गरिएको अन्तरर्क्रिया कार्यक्रमको लागि रू.१६,५००/- सहकारी प्रवर्द्धन कार्यक्रम शिर्षक नं.२३६ बाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा रहेका घांसीकुवा स्वास्थ्य चौकि सेवा कार्यालय छिर्कन वडा नं.१२, श्याम्घ स्वास्थ्य चौकि सेवा कार्यालय शिशाघाट वडा नं.६ र तनहुंसुर स्वास्थ्य चौकी सेवा कार्यालय बेल्टारी व्यास ११ लाई क्रमशः छिर्कन शहरी स्वास्थ्य केन्द्र, शिशाघाट शहरी स्वास्थ्य केन्द्र, बेलटारी शहरी स्वास्थ्य केन्द्र नामाकरण गर्ने, हालको कार्यरत कर्मचारी संख्या सोही बमोजिम रहने र थप आर्थिक भार नपर्ने गरी सेवा प्रवाह गर्न स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको वडा नं.१० मा निर्माणाधीन नारेश्वर तालको लागि १४२, १३९, १६२, १६४, १६६, १६०, १५८, १४९, १४७, १४३, १४०, १६८, ४१, १४८, १५०, १४६, ४०, ८०, १४५, १५२, १२०, ११९, ७९, १२१, ३९ र ७९ समेत २६ कित्ता जग्गाको व्यवस्थापन गर्ने कार्यमा निम्न लिखित व्यक्तिहरुको निम्न कित्ता जग्गाहरुबाट १-२-२-३ जग्गा प्राप्ति ऐन अनुसार नगरपालिकाका नाउँमा ल्याउन प्रकृया अघि बढाउने निर्णय गरियो । सिमाक्षेत्रको थप जग्गा नियमानुसार प्राप्ति गर्ने निर्णय गरियो ।

| सि.नं. | जग्गा दिने व्यक्तिको नाम, थर | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|
| १. | श्री क्षेत्र बहादुर दरै | ११३ | ०-६-२-२ मध्ये ०-५-०-१ |
| २. | श्री भिक बहादुर दरै | १११ | ०-७-२-३ मध्ये ०-२-१-२ |
| ३. | श्री लाल बहादुर दरै | ११२ | ०-५-३-० मध्ये ०-३-१-० |
| | | जम्मा | ०-१०-२-३ |

| | | | |
|---|---|---|---|
| १. | श्री बमबहादुर दरै | १५५ | १-१०-०-० |
| २. | श्री चमबहादुर दरै | १५४ | १-१०-०-० |
| ३. | श्री खमबहादुर दरै | १५९ | १-१०-०-० |
| | | जम्मा : | ०-८-०-० |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा बैरेनी जग्गा एकिकरण आयोजना (प्रथम चरण) को पहिलो चरणको जग्गा सम्याउने तथा रिटेनिङ्ग स्ट्रक्चर निर्माण (ठेक्का नं. 1/Works/ Vyasmun/ landpooling/078/080) कार्यका लागि फर्म श्री विश्वास एण्ड बिपु कस्ट्रक्सन, गोकणेश्वर-५, जोरपाटी,

काठमाण्डौंले हालसम्म सम्पादन भएको कार्यको मूल्याङ्कन अनुरुप माग गरेको रनिङ्ग बिल रकम रू.३१,९०,०१५/- (मु.अ.कर समेत) को ७०% ले हुन आउने रकम रू.२२,३३,०१०/५२ नगर विकास कोषसँग दोस्रो किस्ता स्वरुप ऋण माग गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१३:</u>** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा सुरक्षित नागरिक आवास कार्यविधि, २०७५ बमोजिम छनौट भएका २०० लाभग्राहीलाई २०८० आषाढ २० गतेभित्र सम्झौता गर्न आउन सूचित गर्ने र उक्त अवधिमा सम्पर्कमा नआउने लाभग्राहीको नाम हटाई वैकल्पिक सूचीमा रहेका प्राथमिकरण अनुसारका लाभग्राही कायम गरी सम्झौता प्रकृया अघि बढाउने र पहिलो किस्ता उपलव्ध गराउन प्राप्त रकमबाट नपुग हुने हुँदा सङ्घीय शहरी विकास मन्त्रालयसँग थप रकम माग गर्न पहिलो किस्ता रकम उपलव्ध गराउने र हालको लागि उक्त रकम रोक्का राखी र वडाले कार्य गराउने व्यवस्था गरी सिफारिसका आधारमा फुकुवा गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१४:</u>** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा आर्थिक विकास समिति मार्फत सिफारिस भएको सङघीय सशर्त अनुदान मार्फत प्राप्त खाद्यन्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान कार्यक्रम तथा धान बाली प्रवर्द्धधन कार्यक्रममा छनौट भएका कृषक समूह र सहकारीहरुले माग गरेको धानको उन्नत बीउ खरिदका लागि व्यास नगरपालिकाले विद्युतीय बीउ व्यवस्थापन प्रणाली मार्फत तोकिएको स्रोत केन्द्रबाट खरिद गरि व्यास न.पा कार्यालयसम्म र कार्यालय देखी विभिन्न वडासम्म ढुवानी, लोड-अनलोड गर्दा लाग्ने खर्च खाद्यन्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान कार्यक्रममा विनियोजित बजेटबाट नै खर्च गर्ने र ढुवानी, लोड-अनलोड गर्दा लाग्ने खर्च अनुदान मूल्यमा समावेश नगरी कृषकहरुलाई वितरण गर्ने गरी सोही अनुसार कार्यक्रम सञ्चालन भएको हुँदा अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१५:</u>** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा आर्थिक विकास समिति मार्फत सिफारिस भएको धानबाली प्रवर्द्धधन कार्यक्रममा बजेट बाँकी रहन गई दोस्रो पटक प्रकाशित सूचना अनुसार व्यास न.पा. को तपशिलका समूह/सहकारी मार्फत प्राप्त मागको आधारमा कृषि औजार उपकरण खरिद कार्य गर्नका लागि "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधी, २०७९" अनुसार अनुदान उपलब्ध गराउन सिफारीस गर्ने निर्णय गरियो ।

**खर्च शिर्षकः २९६ धान बाली प्रवर्द्धधन कार्यक्रम, विनियोजित बजेट रु.२५,२०,०००।**

| क्र.सं. | सहकारीको नाम | ठेगाना | क्रियाकलापहरुको विवरण | अनुदान रकम |
|---|---|---|---|---|
| १ | श्री बर्लाची कृषि सहकारी संस्था लि. | व्यास ८ | कृषि औजार (५०% अनुदान)<br>क) कम्बाइन मिल- १३<br>ख) हाते ट्र्याक्टर-२ | प्रति थान बढीमा रु.२५,०००।<br>प्रति थान बढिमा रु.३०,०००। |
| २ | मध्यमाँझफाँट कृषक समूह | व्यास ९ | कृषि औजार (५०% अनुदान)<br>क) कम्बाइन मिल-१<br>ख) हाते ट्र्याक्टर-२ | प्रति थान बढीमा रु.२५,०००।<br>प्रति थान बढिमा रु.३०,०००। |
| ३ | न्यू अभियान कृषि सहकारी सं लि. | व्यास-६ | कृषि औजार (५०% अनुदान)<br>क) कम्बाइन मिल- २<br>ख) हाते ट्र्याक्टर-२ | प्रति थान बढीमा रु.२५,०००।<br>प्रति थान बढिमा रु.३०,०००। |

**<u>निर्णय नं.१६ :</u>** प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९ बाट स्थानीय तहलाई सम्बोधन गरी २०८०/२/२९ मा लेखिएको परिपत्रानुसार साविक मुलुकी ऐन, अनुसार घर सटरमा भएको लेनदेनको लिखितको म्याद १० वर्ष हुने भएको र

२०७५/५/१ गतेदेखि मुलुकी ऐनमा आएको संशोधनले त्यसपछि भएका लेनदेनका लमसुकहरुमा सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गर्नुपर्ने कानूनी प्रावधान रहेकोमा सोही अनुसार काम हुदै आएको तर २०७५/५/ अघिका तमसुकको म्याद १० बर्ष हुने भएकाले कतिपय हाल बनाइने तमसुक समेत २०७५/५/१ अघिको मिति राखिने देखिंदा हाल मुलुकी देवानी कार्यविधिमा संशोधन भई २०७५/५/१ अघिका तमसुकलाई २०८० कार्तिक १९ भित्र वडा कार्यालयबाट प्रमाणित गर्ने प्रावधान रहेकाले संशोधित ऐनको प्रावधानर प्रकृयाका आधारमा तमसुक प्रमाणित गर्ने गरी आवश्यक कार्य गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिको वडा नं.८ कार्यालयको आफ्नो नाममा रहेको जग्गा भवन निर्माण गर्न स्थान अपर्याप्त भएकोले सो कित्ता सँगै जोडिएको रिस्ती आयुर्वेद औषधालयको जग्गा रहेको छ । औषधालयको भवन निर्माण भइसकेको हुँदा उक्त संरचनामा कुनै असर नपर्ने गरी खाली रहेको जमिन आयुर्वेद औषधालयको पश्चिम उत्तर तर्फ वडा कार्यालय बनाउनका लागि प्रयोग गर्ने, वडा कार्यालय र आयुर्वेद औषधालय दुवै कार्यालयलाई थप व्यवस्थित र सुरक्षित हुने गरी वडा कार्यालय निर्माण कार्य अघि बढाउन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७९/०८० मा पूँजीगत तर्फ क्रमागत योजनाहरुको भुक्तानी गर्न बजेट अपुग हुन गएकोले सो अन्तर्गत भएका आयोजनाहरुको नपुग भुक्तानी चालु आ.व.२०७९/०८० मा विविध कारणवस सञ्चालन हुन नसक्ने योजना तथा कार्यक्रमहरुको बजेट शिर्षकबाट भुक्तानी गर्ने र आगामी नगर सभाबाट अनुमोदन हुने गरी पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | खर्च हुने रकम |
|---|---|---|---|---|
| १ | अकला खोल्सी खानेपानीको मुहान ३६३ | १ | ५,००,०००/ | ५,००,०००/ |
| २ | छाब्दी दोभानघाट विक्रमपार्क शौचालय निर्माण समेत ८३३ | १ | १०,००,०००/ | १०,००,०००/ |
| ३ | तनहुंकालिका शहिद शान्तिपार्क जाने मोटर बाटो पिसिसि ढलान ४३२ | ४ | ७,००,०००/ | ७,००,०००/ |
| ४ | नेपाल रेडक्रस सोसाईटी सांखर उपशाखा भवन निर्माण ४३५ | ४ | ५,००,०००/ | ५,००,०००/ |
| ५ | सुवर्णमार्ग नालामा कभर स्ल्याब निर्माण ८४० | ४ | १०,००,०००/ | १०,००,०००/ |
| ६ | शहिद कालिका मन्दिर जानेबाटोमा रेलिङ राख्ने कार्य ८४१ | ४ | १०,००,०००/ | १०,००,०००/ |
| ७ | नेपालटार खानेपानी बिस्तार ८४५ | ५ | १०,००,०००/ | १०,००,०००/ |
| ८ | तनहुंसुर भानु शान्ति निकुन्ज गुरुयोजना कार्यान्वयन ८८७ | ११ | १०,००,०००/ | १०,००,०००/ |
| ९ | फुलैफुलको बंगैचा सहित कोभिड स्मारक पार्क निर्माण ९१९ | ११ | १०,००,०००/ | १०,००,०००/ |
| १० | रिप आमा समुह भवन निर्माण ७९० | १३ | ५,००,०००/ | ५,००,०००/ |
| | **जम्मा : बयासी लाख रुपैया मात्र** | | **८२,००,०००/** | |

**निर्णय नं. १९:** प्रस्ताव नं. १९ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरू संचालन गर्दा नियमानुसार सम्बन्धित शाखासंग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भए पश्चात सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | विभिन्न टोलहरुमा नाला सफाई | १ | २,५०,०००/- | ६४ |
| २. | सडक बत्ती, विद्युतीय तार सामान खरिद | १ | ३,००,०००/- | ३७१ |
| ३. | तालघारे टोल विकास संस्था सिंगुस नष्ट सोधभर्ना | १ | १५,०००/- | ६२ |
| ४. | धुपखोला कुवा, बाटो संरक्षण | १ | ३,००,०००/- | वडागत विपद |
| ५. | चुहुनेखोल्सी खानेपानी मोटर खरिद | ५ | १,५०,०००/- | ९२३ |
| ६. | कण्टार खहरेखोल्सी खानेपानी पाइप खरिद | ५ | १,००,०००/- | ९२३ |
| ७. | निबुवापानी लिफ्टिङ्ग खानेपानी पाइप खरिद | ६ | १,५०,०००/- | ९२३ |
| ८. | खानेपानी टंकी मर्मत संरक्षण (कृष्ण काफ्ले) | ६ | ७०,०००/- | विपद |
| ९. | सन्तोष परियार (अपाङ्ग) Toilet Chair खरिद | ७ | ४,०००/- | २३८ |
| १०. | कालिका टोल अन्तर्गत तल्लो हासेश्वारा खानेपानी मोटर पाइप खरिद | ७ | २,५०,०००/- | ९२३ |
| ११. | काडेकुलो सिँचाई पाइप खरिद | ८ | १४,०००/- | ९२० |
| १२. | आहालेखेत सिँचाई पाइप खरिद समेत | ८ | १,००,०००/- | ९२० |
| १३. | मकरेखोला सिँचाई व्यवस्थापन | ८ | २०,०००/- | ९२० |
| १४. | पुनम सापकोटा (अपाङ्ग, एकल बावुको एकल छोरी छात्रवृत्ति सहयोग | १० | १०,०००/- | २०२ |
| १५. | बैरेनी खानेपानी सरसफाई मोटर खरिद | १० | १,५०,०००/- | ९२३ |
| १६. | मिलनटार टोल विकास बस्ती खानेपानी पाइप खरिद | ११ | ८२,०००/- | ९२३ |
| १७. | रङ्गलाल चेपाङ्ग पशु व्यवसाय खोर प्रवर्द्धन | ११ | ३०,०००/- | २५१ |
| १८. | पोल्याङ्गटोल खानेपानी पाइप | ११ | १२,५००/- | ९२३ |
| १९. | प्रमिशा वि.क. खानेपानी पाइप खरिद | १२ | १२,०००/- | ९२३ |
| २०. | छविसे कृषि तरकारी फलफुल सिँचाई | १२ | ३६,५००/- | ९२० |
| २१. | शैलेष कृषि तथा पशु फर्म पाइप खरिद समेत | १२ | ५०,०००/- | ९२० |
| २२. | साँझबोटे खेत सिँचाई पाइप खरिद | १२ | १२,०००/- | ९२० |
| २३. | विष्णु पन्त, खानेपानी पाइप खरिद सहयोग | १२ | १२,५००/- | ९२३ |
| २४. | बेनीकोट केशरी मार्ग पैह्रो सरफाई | १३ | १८,०००/- | विपद |
| २५. | रेडियो बन्दिपुर सहयोग | बन्दिपुर | २५,०००/- | ३२ |
| २६. | ईनार निर्माण कुशुमदेवी पौडेल | ८ | ८०,०००/- | ९२३ |
| २७. | बागेश्वरी मार्ग बिस्तार | ११ | १,५०,०००/- | ९२३ |
| २८. | आरुबोटे खोला नियन्त्रण | ८ | ६१,०००/- | विपद |
| | | **जम्मा :** | २४,६४,५००/- | |

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार र यस नगरपालिकाको साझेदारीमा निर्माणाधीन दमौली केशवटार सडक २०८० आषाढ मसान्तसम्म काम सम्पन्न गर्न कठिनाई भएकाले ३ महिना म्याद थपका लागि गण्डकी प्रदेश सरकारमा लेखी पठाउने निर्णय गरियो ।